# वार्षिक नीति तथा कार्यक्रम

## आ.व.२०७६/०७७

बुढिगंगा नगरपालिका

कुलदेवमाण्डौ,बाजुरा

सुदुरपश्चिम प्रदेश, नेपाल।



नगर सभा सदस्य ज्यूहरु,

1. बुढिगंगा नगरपालिकाको गरिमामय नगर सभालाई सम्बोधन गर्दै आ.व. २०७६/०७७ को *वार्षिक नीति तथा कार्यक्रम* प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।
2. लोकतन्त्र प्राप्तिको सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने *सहिदहरुप्रति श्रद्धाञ्जली* अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु।
3. संघात्मक शासन व्यवस्था नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षको उपलब्धि हो। यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको शासकीय व्यवस्था हो। राष्ट्रलाई यस युगान्तकारी मोडमा ल्याइपुर्‍याउने क्रममा जनताले गर्नुपरेको त्याग, बलिदान र व्यहोर्नुपरेको दुःखकष्टको पूर्ण सम्मान गर्दै *लोकतन्त्रको रक्षा, सुदृढीकरण* र सही प्रयोगमा यो स्थानीय सरकार अडिग रहनेछ।
4. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस *सरकारका आदर्श* हुनेछन्।
5. समृद्धि अब नेपालका लागि मृगतृष्णा मात्र हुन सक्दैन। विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। विकासका लागि *शान्ति* र *स्थायित्व*मा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ। तथ्य, तर्क र कनूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ। यस सरकारले लोकप्रियताका लागि काम गर्दैन, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुनेछ।
6. "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नेपाल सरकारको दीर्घकालीन उद्देश्य हासिल गर्न स्थानीय तहमा *"समृद्ध बुढिगंगा, सुखी बुढिगंगाबासी "* को लक्ष्य हासिल गर्न विभिन्न विषयक्षेत्रगत नीति अवलम्बन गरिनेछ।
7. " मेरो बुढीगंगा म बनाउछु " भन्ने बिषयलाई सहायक नाराका रुपमा लिई महत्वका साथ अगाडी बढाईनेछ ।
8. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न बुढिगंगा नगरपालिका प्रतिबद्ध छ। यो प्रतिबद्धता पुरा गर्न बुढिगंगा नगरपालिका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र *सहकार्यको लागि आव्हान* गर्दछ।
9. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७६/०७७ का नीति तथा कार्यक्रमहरु तय गरेको छ। यो आर्थिक वर्ष बुढिगंगा नगरपालिकाको लागि *समृद्धिको इतिहास रच्ने आधार वर्ष* हुनेछ।
10. बुढिगंगा नगरपालिकाले विकासप्रतिको सोच र प्रक्रिया, कार्यसंस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रुपान्तरण गर्नेछ। विकास नीति, रणनीति, कार्यनीति, कानून, संस्था, जनशक्ति र स्रोत साधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवम् मूल्याङ्कनका क्षेत्रमा *आमूल परिवर्तन* गरिनेछ।